# घिरिङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५

प्रस्तावनाः

घिरिङ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम घिरिङ गाउँ सभा सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि घिरिङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. एकिकृत सम्पतीः गाउँपालिका को क्षेत्रभित्र अनुसूचि मा उल्लेखित भए बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि मा उल्लेखित भए बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचिमा उल्लेखित भए बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि मा उल्लेखित भए बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचिमा उल्लेखित भए बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि मा उल्लेखित भए बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि मा उल्लेखित भए बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि मा उल्लेखित भए मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचिमा उल्लेखित भए बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याउफ्टीङ्ग शुल्कः गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचिमा उल्लेखित भए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचिमा उल्लेखित भए मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचीमा उल्लेखित भए मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१६. काठ नकाशी दस्तुरः गाउँप ालिकाले आफ्नो क्षेत्र भित्रका वन उपभोक्ता समितिबाट नियमानुसार विकी वितरणवाट अनुसूचिमा तोकिए अनुसारको कर लगाइनेछ ।

१७. पशुपंक्षी निकाशी कर : गाउँपालिका क्षेत्र वाहिर पशुपंक्षी निकाशी गर्दा अनूसूचिना तोकिए अनुसारको कर लगाइनेछ ।

१८. सिफारिश दस्तुर : गाउँपालिकाले व्यक्तिगत सिफारिशको लागि अनूसूचिमा तोकिए अनुसार सिफारिश दस्तुर लगाइने छ ।

## अनुसूची - १
## आ.व. ०७५/०७६ को लागि सिफारिस दस्तुर

| क्र.सं. | | रकम | कैफियत |
|---|---|---|---|
| १ | निवेदन र सामान्य सिफारिश | २००/०० | व्यक्तिगत प्रयोजनका लागि मात्र |
| २ | नागरिकता सिफारिश | २००/०० | |
| ३ | नागरिकता प्रतिलिपी | ३००/०० | |
| ४ | नामसारी सिफारिश | ३००/०० | |
| ५ | सर्जमिन मुचुल्का | ५००/०० | |
| ६ | पारिवारिक विवरण सिफारिश | ५००/०० | |
| ७ | विविध अंग्रेजी सिफारिश | ३००/०० | |
| ८ | आयश्रोत सिफारिश (नेपालीमा) | ५००/०० | |
| ९ | आयश्रोत सिफारिश (अंग्रेजीमा) | ७००/०० | |
| **नाता प्रमाणित** | | | |
| १ | अंगेजी | ५००/०० | |
| २ | नेपाली | ३००/०० | |
| **चारकिल्ला प्रमाणित** | | | |
| १ | क) घडेरी | ३००/०० | |
| २ | ख) भवन, घर, उद्योग | ६००/०० | |
| ३ | ग) खेती योग्य | ३००/०० | |
| **पञ्जिकरण** | | | |
| १ | क) जन्म दर्ता | १००/०० | ३५ दिन भित्रको पञ्जिकरण निशुल्क |
| २ | मृत्यु दर्ता | १००/०० | |
| ३ | विवाह दर्ता | २००/०० | |
| ४ | वसाई सराई | ५००/०० | |
| ५ | सम्वन्ध बिच्छेद | २००/०० | |
| ६ | पञ्जिकरण प्रतिलिपी | ३००/०० | |
| ७ | व्याक्ति प्रमाणित | ३००/०० | |
| ८ | अविवाहित प्रमाणित | ३००/०० | |
| **घरबाटो सिफारिश (बाटो भएको)** | | | |
| १ | १ रोपनी सम्म | ३००/०० | |
| २ | १ रोपनी देखि ५ रोपनी सम्म | ५००/०० | |
| ३ | ६ रोपनी देखि २० रोपनी सम्म | १२५०/०० | |
| ४ | २० रोपनी भन्दा बढीलाई प्रति रोपनी | २०००/०० | |
| **धितो मुल्याङ्कन बैदेशिक प्रयोजनको लागि** | | | |
| १ | १ लाख सम्मको | २००/०० | |
| २ | ५ लाख सम्मको | ५००/०० | |
| ३ | १० लाख सम्मको | ३०००/०० | |
| ४ | २० लाख सम्मको | ६०००/०० | |
| ५ | २० लाख भन्दा माथि | ०.१ % | |

| | | | |
|---|---|---|---|
| **धितो मुल्याङ्कन घरायसी प्रयोजनको लागि** | | | |
| १ | १ लाख सम्मको | २००/०० | |
| २ | ५ लाख सम्मको | ४००/०० | |
| ३ | १० लाख सम्मको | ६००/०० | |
| ४ | २०लाख सम्मको | ८००/०० | |
| ५ | ३० लाख सम्मको | १२००/०० | |
| ६ | ४० लाख सम्मको | १५००/०० | |
| ७ | ५० लाख सम्मको | १६००/०० | |
| ८ | ६० लाख सम्मको | १७००/०० | |
| ९ | ७० लाख सम्मको | १८००/०० | |
| १० | ८० लाख सम्मको | २०००/०० | |
| ११ | १ करोड सम्मको | ३०००/०० | |
| १२ | करोड भन्दा माथी | ३५००/०० | |
| **वार्षिक एकिकृत सम्पत्ती करको दर** | | | |
| १ | १ लाख सम्म | रु १० | |
| २ | ३ लाख सम्म प्रति लाख | रु ११ | |
| ३ | ५ लाख सम्म प्रति लाख | रु १२ | |
| ४ | १० लाख सम्म प्रति लाख | रु १३ | |
| ५ | १५ लाख सम्म प्रति लाख | रु १४ | |
| ६ | २० लाख सम्म प्रति लाख | रु १५ | |
| ७ | ३० लाख सम्म प्रति लाख | रु १६ | |
| ८ | ४० लाख सम्म प्रति लाख | रु १७ | |
| ९ | ५० लाख सम्म प्रति लाख | रु १८ | |
| १० | ६० लाख सम्म प्रति लाख | रु १९ | |
| ११ | ७० लाख सम्म प्रति लाख | रु २० | |
| १२ | ८० लाख सम्म प्रति लाख | रु २१ | |
| १३ | ९० लाख सम्म प्रति लाख | रु २२ | |
| १४ | १ करोड सम्म प्रति लाख | रु २३ | |
| १५ | २ करोड सम्म प्रति लाख | रु २४ | |
| १६ | ३ करोड सम्म प्रति लाख | रु २५ | |
| १७ | ४ करोड सम्म प्रति लाख | रु २६ | |
| १८ | ५ करोड सम्म प्रति लाख | रु २७ | |
| १९ | ५ करोड भन्दा माथि | रु २८ | |
| **व्यवसाय कर** | | | |
| **क्र.सं.** | **व्यवसाय** | **दर्ता दर** | **नविकरण** |
| १ | मदिरा पसल | २००० | १००० |
| २ | सुर्तिजन्य पसल | १५०० | ५०० |
| ३ | सुनचाँदी पसल | २००० | ५०० |
| ४ | औषधी पसल | १५०० | ५०० |
| ५ | स्टेशनरी तथा पुस्तक पसल | १००० | ३०० |

| | | | |
|---|---|---|---|
| ६ | कस्मेटिक पसल | १००० | ३०० |
| ७ | किराना पसल | १००० | ३०० |
| ८ | हार्डवयेर | २००० | १००० |
| ९ | मोटर पार्टस विक्री तथा मर्मत | २००० | १००० |
| १० | कपडा तथा फेन्सी पसल | १००० | ३०० |
| ११ | विद्युत सामाग्री पसल | १००० | ५०० |
| १२ | फर्निचर | २००० | १००० |
| १३ | फलफूल तथा तरकारी पसल | १००० | २०० |
| १४ | कन्सल्यान्ट सेवा | २००० | १००० |
| १५ | होटल व्यवसाय | २००० | १००० |
| १६ | साना घरेलु उद्योग | १००० | २०० |
| १७ | मासु पसल | १००० | ५०० |
| १८ | कम्प्युटर पसल | १५०० | ५०० |
| १९ | ईलेक्ट्रनीक पसल | १५०० | ५०० |
| २० | मझौला उद्योग | ५००० | २००० |
| २१ | कोचिङ क्लास | २००० | १००० |
| २२ | बाखा, कुखुरा, वंगुर फाराम | ५०० | २०० |
| २३ | सिलाई कटिङ व्यवसाय | १००० | ३०० |
| २४ | निमार्ण व्यवसाय मेशिन, औजार | १०००० | ५००० |
| | **स्थानिय कर** | | |
| १ | सामुदायिक वन | आम्दानीको | २ % |
| २ | सहकारी | आम्दानीको | १ % |
| ३ | निजी विद्यालय | आम्दानीको | ०.५ % |
| ४ | कवाडी कर (ठूलो गाडीमा ढुवानी) | | प्रति ट्रिप रु ५०० |
| ५ | कवाडी कर (सानो जीप) | | प्रति ट्रिप रु २०० |
| ६ | कवाडी कर (ट्र्याक्टर) | | प्रति ट्रिप रु ३०० |
| ७ | पशु निकाशी पैठारी कर | | भैसी, राँगो प्रति ओटा रु ३०० |
| | | | बाखा, खसी रु ५० |
| | | | कुखुरा रु ५ |
| ८ | घुमन्ते व्यापार (माछा, पाउरोटी, आदि) | | प्रति पटक रु १००<br>घुमन्ते वार्षिक रु १००० |
| ९ | घुमन्ते व्यापार (कपडा, भाडा, आदि) | | प्रति पटक रु २००<br>घुमन्ते वार्षिक २००० |
| | **निजी तथा व्यक्तिगत रुख कटान सिफारिश** | | |
| १ | खयर र साल | प्रति रुख | रु ५०० |
| २ | अन्य काठजन्य | प्रति रुख | रु ३०० |
| ३ | कुकाठ | प्रति रुख | रु २०० |
| ४ | वन उपभोक्ता समूहवाट गा.पा. वाहिर निकाशी प्रति क्युवफिट | | रु ५० |
| | | | |

| | | |
|---|---|---|
| **घर वहाल कर** | | |
| १ | संघ संस्था, सरकारी कार्यालय, गोदाम लाई भाडामा दिए भापत सम्झौताको | १ % |
| २ | अन्य प्रयोजनको लागि भाडामा दिएको सम्झौताको | ०.५ % |
| **सवारी कर** | | |
| १ | बस, ट्रक, टायक्टर प्रति दिन | रु ५० |
| २ | कार, जीप, भेन प्रति दिन | रु २५ |
| ३ | रिजर्भ | रु १०० |
| **नक्सा पास दस्तुर** | | |
| १ क | RCC फ्रेम स्टक्चर तर्फ (प्रति वर्ग फुट) रु ४ | |
| ख | RCC फ्रेम पुरानो घर कायम गर्ने प्रति वर्ग फुट) रु २ | |
| २ क | ढुंगा माटोको घर प्रति वर्ग प्रति वर्ग फुट रु १ | |
| ख | ढुंगा माटो पुरानो घर कायम रु ०.५ | |
| ३ | घर नक्शा पास प्रति किताब रु ३०० | |